# उर्लाबारी नगरपालिकाको वस्तुगत विवरण (Municipality Profile) तयार गर्ने कार्यको

उर्लाबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
उर्लाबारी, मोरङ
१ नं. प्रदेश, नेपाल

# कार्य विवरण

**(Terms of References TOR)**

## उर्लाबारी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## उर्लाबारी, मोरङ्ग

## १ नं. प्रदेश, नेपाल

उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ १ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

१.

## पृष्ठभुमि

योजनाबद्ध तथा दिगो विकासका लागि सूचकमा आधारित विकास योजनाहरु तर्जुमा हुनुपर्ने मान्यता बलियो हुँदै गएको छ । वास्तवमा तथ्यपरक सूचना तथा तथ्याङ्कले विकासको उपलब्धिको मापन गर्न तथा विकास योजनाहरु कुन हदसम्म सम्बन्धित क्षेत्रमा निर्दिष्ट गर्नुपर्ने हो सो को आँकलन गर्न मद्दत पुग्दछ । तथ्यमा आधारित योजना तथा कार्यक्रमहरुले क्षेत्रीय, जातीय, बर्गीय तथा लैङ्गीक सन्तुलन कायम गर्न तथा समावेशी विकास पद्दतिलाई संस्थागत गर्न समेत मद्दत गर्दछ । नयाँ गठित स्थानीय तहहरुले जनताको सबैभन्दा नजिकमा रही स्थानीय विकास तथा सार्वजनिक सेवा प्रवाह गर्ने अवसर पाएका छन् । उक्त अवसरको सदुपयोग गर्न तथ्यमा आधारित योजना निर्माण गर्नुपर्दछ जसको लागि तल्लो तह सम्मको तथ्याङ्क आवश्यक पर्दछ । नयाँ परिवर्तित स्थानीय तह अनुसार तथ्याङ्कहरुलाई अद्यावधिक गरी प्रस्तुत गर्ने दायित्व हरेक स्थानीय तहको हुन्छ । प्रोफाइल तयारी कार्यले सरकारी, सार्वजनिक तथा निजी क्षेत्रहरुबाट नगरमा भएका विकासका प्रयासहरुलाई मापन गर्न र भावी कार्यक्रमका लागि लक्षित क्षेत्र निर्धारण गर्न समेत मद्दत पुऱ्याऊँछ । साथै यस्ता तथ्याङ्क तथा जानकारीहरुले स्थानीय योजनाकार, विकासे कार्यकर्ताहरु, अनुसन्धानकर्ताहरु तथा आम नागरिकहरुलाई महत्वपुर्ण योगदान पुऱ्याउने गर्दछ ।

स्थानीय तहको बारेमा वृहत सूचना संकलन गरी विकासका विभिन्न पुर्वाधारहरुको वास्तविक स्थिती, ऐतिहासिक, सामाजिक,पुरातात्वीक पृष्ठभुमी, भौगोलिक अवस्थिति, स्थानीय चाडपर्व, जात्रा, पारिवारिक स्थिती विवरण, धर्म, जनसंख्या, वित्तिय आधारभुत विवरण, पर्यटकीय स्थलहरुको विवरण, भु-उपयोग तथा स्वामित्व, आर्थिक कृयाकलाप ,रोजगारी ,कृषि ,भौतिक पुर्वाधार, शिक्षा लगायतका विषयको एकिकृत तथा खण्डिकृत तथ्यांकका आधारमा विकासका निम्ती प्राथमिकतामा पार्नुपर्ने क्षेत्रको पहिचान गरी नगरवासी तथा बाह्रय जनमानसमा सूचना प्रवाह गरी जनचाहनाको आवश्यकता पहिचान गर्ने हेतुले नगरको सम्पुर्ण सूचना समेटी यस उर्लाबारी नगरपालिकाको खण्डीकृत तथा एकिकृत वस्तुगत विवरण Municipality Profile तयार पार्नका लागी विभिन्न संघ संस्था तथा परामर्शदाता बाट यो कार्य कार्यान्वयन गराउन यो कार्य क्षेत्रगत शर्त तयार पारिएको छ ।

## २. उद्देश्यः

उर्लावारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
उर्लावारी, मोरङ
१ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

यस नगरपालिका क्षेत्रभित्र पर्ने सम्पुर्ण पुर्वाधार, ऐतिहासिक पृष्ठभुमी, पारिवारिक अवस्था, विकासमा स्थानीयको पहुँच, बाटोघाटोको अवस्था तथा पर्यटकीय क्षेत्र, सामाजिक, राजनैतिक, आर्थिक तथा सांस्कृतिक अवस्था समेतको पहिचान र स्तरोन्नतीका लागी गर्न सकिने उपायहरु समेटी सर्वेक्षणबाट संकलीत तथ्यांकको आधारमा उर्लाबारी नगरपालिकाको बस्तुगत विवरण (Municipality Profile) तयार गर्ने ।

**३. कार्यक्षेत्र :**

नगरपालिका क्षेत्रभित्रका ९ वटै वडाहरु भित्रको आर्थिक, सामाजिक, सांस्कृतिक, राजनैतिक विषयहरु साथै यस क्षेत्रभित्रका बासिन्दाहरु सँग प्रत्यक्ष वा अप्रत्यक्ष सरोकार राख्ने विषयलाई समेटी सरसल्लाह तथा सुझाव अनुसार अध्ययन प्रतिवेदन तयार गर्ने ।

**४. अध्ययनको विषयबस्तु:**

उर्लावारी नगरको सामाजिक, आर्थिक, राजनैतिक तथा सांस्कृतिक पक्ष सँग जोडिएका विषयहरु यो अध्ययन भित्र पर्नेछन । यस भित्र पर्ने तलका विषयवस्तुहरु मुख्यत अध्ययनमा समेटिनु पर्नेछ ।

- ऐतिहासिक पृष्ठभुमि र नगरपालिकाको परिचय
- स्थानीय चाडपर्व तथा जात्रा, मेला, धार्मिक स्थल र पर्यटकीय स्थलहरु
- वर्तमान भु-उपयोग सम्बन्धी अवस्था र सिंचित क्षेत्रफलको विवरण
- नगर क्षेत्रमा भएका वन क्षेत्र, सामुदायिक वन र कवुलीयती वन
- छिमेकी गाउँपालिका/नगरपालिका/जिल्लासँगको आवागमनको अवस्था
- नगरपालिकाका अवसर, चुनौती र समस्याहरु
- विकासका सम्भावनाहरु कृषि, जलविद्युत, पर्यटन, उद्योग आदि
- जनसंख्या र जनसाङख्यिकी उमेर, लिङ्ग, फरक क्षमता, धर्म, जातियता विविध विवरण वडागत रुपमा
- विद्यालय, क्याम्पस, अनौपचारिक शैक्षिक संस्थाहरुको विवरण
- बालविकास केन्द्रको विवरण
- भु-स्वामित्व सम्बन्धी विवरण
- पञ्जिकरणको विवरण
- स्वास्थ्य सेवा तथा पोषण
- नगरपालिकाको वार्षिक कार्यक्रमबाट लक्षित कार्यक्रमतर्फ भएको विनियोजन तथा खर्चको अवस्था
- खानेपानी श्रोत, अवस्था र खानेपानी सञ्चालन समितीको विवरण
- सडक सञ्जालको विद्यमान अवस्था
- नगरपालिकाको शहरी विद्युतीकरण
- नगरपालिकामा दुर संञ्चार सम्बन्धी विवरण
- फोहोरमैला व्यवस्थापन सम्बन्धी

उर्लाबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
उर्लाबारी, मोरङ
१ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

- नगर सेवा प्रवाह विवरण
- व्यापारीक केन्द्रहरुको विवरण
- खेल मैदान, पार्क तथा वाल उद्यान सम्बन्धी
- राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघसंस्था
- नगर क्षेत्रभित्र गठन भएका टोल विकास संस्थाहरु
- घरेलु तथा विभिन्न औद्योगिक व्यापार व्यवसाय सम्बन्धी विवरण
- नगरपालिकाले सञ्चालन गरेका प्रमुख कार्यक्रम तथा योजनाहरु
- नगरपालिकाको संगठनात्मक ढाचाँ तथा हाल कार्यरत कर्मचारीहरुको विवरण
- नगरपालिका क्षेत्रभित्रका सरकारी कार्यालयहरु
- नगरपालिकाको नक्सा तथा वडा कार्यालय रहेको स्थानको नक्सा
- नगरपालिका स्थित राजनितिक दलहरु
- वन जंगल, घाँसे मैदान तथा अन्य भुमिको प्रयोगमा आएको परिवर्तन
- खेती योग्य जमिनको प्रयोगमा विगत २० वर्ष देखी आएको परिवर्तन बारे विवरण
- होटल, रिसोर्ट तथा पर्यटकीय गन्तव्यका स्थानहरु
- बाल क्लव, महिला समुह, युवा क्लब, वृद्धा आश्रम बारे विवरण
- गाऊं/नगर वस्तुगत विवरण तयारी कार्यविधि २०७४ मा ब्यवस्था भएका वस्तुगत विवरणमा समावेश हुनुपर्ने सम्पुर्ण संस्थागत तथा पारिवारिक विवरण र विषयवस्तुहरु
- माथि उल्लेखित सवै विवरणहरु वडागत रुपमा समेत उपलब्ध गराउनु पर्ने

**४.१ तुलनात्मक चित्रमा विवरण :**

- गाऊं/नगर वस्तुगत विवरण तयारी कार्यविधि २०७४ मा ब्यवस्था भएका वस्तुगत विवरणमा समावेश हुनुपर्ने सम्पुर्ण विषयवस्तुहरुको वडागत र नगरस्तरिय तथ्यांक चित्रमा समेटिएको हुनुपर्ने ।

**५. आवश्यक जनशक्तिः**

सम्बन्धीत कार्यमा आवश्यक ज्ञान, सिप एवं अनुभव हासिल गरेका विकास योजनाविद, समाजशास्त्री, तथ्यांकशास्त्री, अर्थशास्त्री संस्थागत विकास विज्ञ संघ संस्था तथा कम्पनीहरुमा कार्य गरेको अनुभवी विषयगत विशेषज्ञवाट नगर प्रोफाईल तयार गर्नुपर्ने छ। साथै स्थानीय तह को प्रारम्भिक तथ्यांकमा आधारीत भै कम्तिमा ३ वटा नगरप्रोफाईल बनाएको अनुभव हुनुपर्ने छ । आवश्यक अन्य मध्यम स्तरको जनशक्ति पर्याप्त भएको हुनुपर्ने छ ।

**६.कार्यविवरण**

उर्लाबारी नगरपालिकाको नगर प्रोफाईल तयार गर्न छनोट भएको परामर्शदाताले यसै प्रस्तावको वुदा नम्बर ४ र ४.१ मा उल्लेख भएको विषयवस्तु वमोजिमको कार्यविवरण (TOR) को अधिनमा रही कार्यसम्पन्न गनुपर्नेछ ।

उर्लाबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
उर्लाबारी, मोरङ
१ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

**६.१ बस्तुगत विवरण तयारीका चरणहरु :**

- ❖ पहिलो चरण -बस्तुगत विवरणको ढाँचा,सर्वेक्षण औजार तथा विधि स्विकृती
- ❖ दोश्रो चरण- वस्तुगत विवरण तयारी गोष्ठि तथा कार्य योजना स्विकृती
- ❖ तेश्रो चरण- सर्वेक्षण वा तथ्यांक संकलन
- ❖ चौथो चरण- तथ्यांक विश्लेषण,प्रस्तुती तथा श्रोत नक्सा तयारी
- ❖ पांचौ चरण- वस्तुगत विवरण मस्यौदा तयारी
- ❖ छैटौ चरण- वस्तुगत विवरण प्रमाणिकरण कार्यशाला
- ❖ सातौं चरण- वस्तुगत विवरण तयारी र प्रकाशन

**६.२ प्रस्तावकले गर्नुपर्ने कार्यहरु :**

- प्रारम्भिक तथ्यांक संकलकहरुको छनौट ( तोकिएको योग्यता पुगेका स्थानिय ब्यक्तिहरु )
- समावेश गर्नुपर्ने थप सुचकहरुका सम्वन्धमा वस्तुगत विवरण तयारी कार्यशाला गोष्ठि
- सफ्टवेयर निर्माणका लागी सरोकारवालाहरुको कार्यशाला गोष्ठी ( Pre-software development workshop)
- सफ्टवेयर निर्माण_(Software development workshop)
- तथ्यांक संकलकलाई तालिम ( Training for data collectors)
- तथ्यांक संकलन ( Data collection ) (सम्वन्धित वडा समितिका प्रतिनिधिहरुको समन्वयमा रही तथ्यांक संकलन गर्नुपर्ने छ ।)
- तथ्यांक विश्लेषण ( Data analysis )
- नक्सा तयारी ( Map development )
- प्रतिवेदन तयारी ( Report preparation )
- मस्यौंदा प्रतिवेदन प्रस्तुती ( Report presentation )

**७.कार्यअवधि**

उर्लाबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
उर्लाबारी, मोरङ
१ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

छनौट भएको परामर्शदाताको कार्ययोजना (Action Plan) स्विकृत भए पछि सम्झौता गरिने छ र सम्झौता भएपछी तुरुन्त कार्य सुरु गर्नुपर्ने छ । सम्झौता भएको मितिले ९० दिन भित्रमा प्रारम्भिक प्रतिवेदन पेश गनुपर्नेछ ।

### ८. परामर्शदाताले पेश गर्नुपर्ने प्रतिवेदन

परामर्शदाताले माथि उल्लेखित विवरणको मस्यौदा तयार गरि पेश गर्नुपर्नेछ । पेश भएका मस्यौदा प्रतिवेदन सरोकारवालाहरुको उपस्थितिमा छलफल तथा अन्तर्क्रिया गराउनुपर्ने छ । अन्तर्क्रियामा प्रस्तुत सुझाव समेटि अन्तिम प्रतिवेदन प्रस्तुत गर्नुपर्नेछ । प्रतिवेदन अपर्याप्त भएको पाइएमा सुधार गरी ल्याउन सुझाव दिइनेछ । चार प्रति अन्तिम प्रतिवेदन र सफ्ट कपि सि डि वा पेन ड्राईभमा बुझाउनुपर्नेछ । प्रतिवेदनको भाषा नेपालीमा हुने छ । GIS Shape File समेत उपलब्ध गराउनु पर्ने छ ।

### ९. अनुमानित रकम

स्वीकृत कार्यक्रम अनुसार वस्तुगत विवरण मस्यौदा तयार गर्नका लागि संस्था परामर्शदाताका लागि रु. २०,००,०००/– (अक्षरुपी रु. बिस लाख) को लागत अनुमान तयार भएको छ । यहि रकमको सिमा भित्र रहेर परामर्शदाताको प्रस्ताव स्विकृत गरि कार्य सम्पन्न गर्न सम्झौता गरिने छ । संझौता भएपछी सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ को अधिनमा रही पेश्कि रकम उपलब्ध गराउन सकिने छ । परामर्शदाताको पारिश्रमिकमा नियम अनुसार लाग्ने कर पारिश्रमिक भुक्तानी दिदा कट्टी गरिने छ ।

### <u>१०. प्राविधिक प्रस्ताव छनौटको अंक भार विभाजन :</u>

- ✓ संस्थाको अनुभव तथा क्षमता :- २० अंक
- ✓ जनशक्तिको शैक्षिक योग्यता र कार्य अनुभव :- ४० अंक
- ✓ कार्य सम्पादन गर्ने तरिका र कार्यक्षेत्रगत शर्त प्रतिको प्रतिवद्धता २० अंक
- ✓ प्रविधि तथा भौतिक सामाग्री तथा आर्थिक र ब्यवस्थापकिय क्षमता २० अंक

### <u>१०.१ प्रस्ताव मूल्यांकन गर्ने तरिका</u>

प्राविधिक प्रस्तावको अंकभार १०० कायम गरिएको छ । उतिर्णाङ्क ५० प्रतिशत हुने छ । प्राविधिक प्रस्तावमा उतिर्ण हुने प्रस्तावदाताको मात्र आर्थिक प्रस्ताव खोलीने छ । प्राविधिक तथा आर्थिक प्रस्तावको मूल्यांकन सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुने छ ।

### <u>११. परामर्शदाताको छनौट प्रक्रिया</u>

सार्वजनिक खरिद ऐन २०६३ ,सार्वजनिक खरिद नियमावली २०६४ तथा गाऊँ/नगर वस्तुगत विवरण तयारी कार्यविधि २०७४ बमोजिम परामर्शदाताको छनौट गरिनेछ ।